नेपाल सरकार

देवदह नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

देवदह - ४, कैरेनी, रुपन्देही

## हार्डटप जिप खरिद सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशनमिति : २०७४/०३/२४ गते

सूचना नं. : ०१/०७४/०७५

यस कार्यालयको लागी १ (एक) थान हार्डटप जिप खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजतप्राप्त फर्म/कम्पनी/संस्था वा सप्लायर्सले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१) बोलपत्र फाराम सम्वन्धित आपूर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय, संस्था वा कम्पनीको दर्ता प्रमाणपत्र, मूल्यअभिवृद्धि कर (VAT), स्थायी लेखा नम्बर (PAN) र आ. व. २०७२/०७३ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्रका साथै उत्पादक फर्म वा कम्पनीको Authorization Letter को प्रमाणित प्रतिलिपी र बोलपत्र दस्तुर रु.३०००।- (तिनहजार मात्र) निवेदन साथ पेश गरेपछि यो सूचना प्रकाशित भएको मिती देखी ३० औं दिनसम्म कार्यालय समयभित्र यस कार्यालयबाट उपलब्ध गराइने छ ।

२) खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गराउनु पर्नेछ ।

३) बोलपत्र फारमसाथ जमानत वापतको रकम यस नगरपालिका कार्यालयको नाममा एन आई सी एशिया बैंक लि., बुटवल शाखामा रहेको धरौटी खाता नं. ग-३-१५४१४९९१७४५२४००३ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको राजश्व शाखामा दाखिला गरेको नगदी रसिद वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको नेपाल सरकारको मान्यता प्राप्त "क" श्रेणीको वाणिज्य बैंकबाट जारी भएको बिडबण्ड संलग्नगर्नु पर्नेछ ।

४) दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहबरमा ३१ औं दिनको २:०० बजे खोलिने छ । फाराम खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्य बिदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन । बोलपत्रमा प्रत्येक आईटम दररेट भ्याट बाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

६) हार्डटप जिपको स्पेशिफिकेशन र बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।अन्य कुराहरु स्थानिय निकाय आ.प्र.नियमावली, २०६४ र प्रचलित अन्य ऐन नियम बमोजिम हुनेछन् ।

७) बोलपत्र सम्बन्धी थप जानकारीका लागी देवदह नगरपालिका कार्यालय, देवदह रुपन्देहीको सम्पर्क नं. ०७१-५७७३०३ मा सम्पर्क गर्न सकिने छ ।

| बोलपत्र नं. | कामको विवरण | आवश्यक संख्या | लागत अनुमान रु.(भ्याट समेत) | बोलपत्रफारम दस्तुर रु. | जमानत रकम रु. |
|---|---|---|---|---|---|
| ०१/०७४/०७५ | हार्डटप जिप खरिद कार्य (बोलपत्रपुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान १ (एक) | ५९,९५,०००/- | ३,०००/- | १,५०,०००/- |

कार्यकारी अधिकृत

देवदह नगर कार्यपालिकाको कार्यालय

श्रीकृष्ण देवकोटा

कार्यकारी अधिकृत